बैठक संख्याः १४।२०८२

बैठक मितिः २०८२।५।१३ गते, समयः विहान १०:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

आज मिति २०८२।५।१३ गते शुक्रवार विहान १०:०० बजे ससकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय वमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री तिर्थराज चौधरी | का.वा. वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री श्रीदेव प्रसाद यादव | का.वा.वडा अध्यक्ष | ७ | |
| १० | श्री शोभा कुमारी थरुनी | का.वा.वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री भोलानाथ लेखी | का.व. वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| | श्री केदार प्र. साह | वडा अध्यक्ष | ८ | |
| सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री किशोर कुमार यादव | ईन्जिनियर | | |

भरत खड्ग का.वा. वडा अध्यक्ष ९

बैठक संख्याः १४।२०८२
बैठक मितिः २०८२।५।१३ गते, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

<u>प्रस्तावहरू</u>

१. प्रस्ताव नं. १ : IEE को अद्यावधिक प्रतिवेदन स्वीकृतिको लागि मधेश प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयमा पठाउने सम्वन्धमा ।
२. प्रस्ताव नं. २ : ठेक्का नं.04/NCB/SKMO/MCSTS/2080-081,Construction of Myagjin Chauriya Simsar Tourist Spot वडा नं.६ योजना निर्माणको सम्वन्धमा ।
३. प्रस्ताव नं. ३ : सडक मर्मत सम्भार गर्ने सम्वन्धमा ।
४. प्रस्ताव नं. ४ : पर्व विशेष कार्यक्रम संचालन गर्न सहयोग गर्ने सम्वन्धमा ।

<u>निर्णयहरू</u>

<u>निर्णय नं. १</u>

ससकोशी नगरपालिका अन्तर्गतको गंगाजली खोला, वडा नं.५, मलेठ खोला वडा नं.११ र अमाहा-ट्याङ्ग्रा खोला वडा नं. २ वाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा र ग्राभेलको उत्खनन, संकलन एवं विक्री वितरण गर्ने प्रयोजनको लागि सुनरस कन्सल्टेन्सि एण्ड ट्रेडर्स प्रा.लि., वीरगञ्ज-१६, पर्सा मार्फत प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गराई तयार भएको IEE प्रतिवेदन मधेश प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयवाट स्वीकृति प्राप्त गरी अन्तरिक राजश्व संकलनको लागि आ.व.२०८१।०८२ मा ठेक्का व्यवस्थापनको प्रक्रिया अपनाउँदा अमाहा-ट्याङ्ग्रा खोलाको ठेक्का लागेको तर गंगाजली खोला र मलेठ खोलाको ठेक्का लाग्न नसकेकोले आ.व.२०८२।०८३ मा उक्त गंगाजली खोला, मलेठ खोला र अमाहा-ट्याङ्ग्रा खोलाहरुवाट ढुङ्गा, गिट्टी, वालुवा र ग्राभेलको उत्खनन, संकलन एवं विक्री वितरण गर्ने प्रयोजनाको लागि IEE प्रतिवेदनमा अध्यावधिक गर्न नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय अनुगमन समितिका पदाधिकारीहरु एवं मिति २०८२।२।११ गतेको नगर कार्यपालिका वैठकको निर्णयानुसार ईन्जिनियर सातौं श्री लोकेश चन्द्र पैकराको संयोजकत्वमा गठित प्राविधिक समितिका सदस्यहरु सम्मिलित टोलीवाट स्थलगत अनुगमन, निरीक्षण, नाँपजाँच एवं अध्ययन गरी देहाय वमोजिमको परिमाणमा उक्त खोलाहरुवाट नदीजन्य सामग्री उत्खनन, संकलन एवं विक्री वितरण गर्न सकिने अवस्था खुलाई प्राविधिक समितिवाट IEE को अध्यावधिक प्रतिवेदन पेश हुन आएकोले स्वीकृतिको लागि मधेश प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

बैठक संख्याः १४।२०८२
बैठक मितिः २०८२।५।१३ गते, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

**देहाय**

| सि.नं. | खोलाको नाम | IEE को अद्यावधिक प्रतिवेदन अनुसारको ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल उत्खननको परिमाण (घ.मि.)( ढुङ्गा-१०%, गिट्टी र ग्राभेल -४०%, र वालुवा-५०% ) |
|---|---|---|
| १ | गंगाजली खोला वडा नं. ५ | वार्षिक ७४९५८ घन मिटर सम्म<br>दैनिक २७७.६२ घन मिटर सम्म |
| २ | मलेठ खोला वडा नं.११ | वार्षिक ६५७०३.३६ घन मिटर सम्म<br>दैनिक २४३.३५ घन मिटर सम्म |
| ३ | अमाहा-ट्याङ्ग्रा खोला वडा नं.२ | वार्षिक १०८०० घन मिटर सम्म<br>दैनिक ४० घन मिटर सम्म |

निर्णय नं. २

ससकोशी नगरपालिकावाट संचालित ठेक्का नं.04/NCB/SKMO/MCSTS/2080-081,Construction of Myagjin Chauriya Simsar Tourist Spot वडा नं.६, ७ योजना निर्माणको लागि ससकोशी नगरपालिकाको कार्यालय र अपन निर्माण सेवा, हात्तीवन-१५, ललितपुर बीच मिति २०८१।०२।०८ गते स्वीकृत कवोल अंक रु. ८५६९२५८।४३ पैसा (भ्याट र पिएस आईटम समेत) मा सम्झौता भई मिति २०८१।०३।१५ गते सम्ममा योजना सम्पन्न गर्नु पर्ने भएकोमा सम्बन्धित निर्माण व्यवसायीवाट समयमा निर्माण कार्य सम्पन्न गर्न नसकी म्याद थप गरी दिन अनुरोध भए अनुरुप नगर कार्यपालिकाको निर्णय बमोजिम चौथौ पटक गरी मिति २०८१ चैत्र मसान्त सम्म म्याद थप गर्दा समेत निर्माण व्यावसायीले निर्माण स्थल छोडी म्याद भित्र योजना निर्माण सम्पन्न नगरी अलपत्र पारेकोमा ससकोशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको च.नं.११९, मिति २०८१।४।२० गते, च.नं.७२०, मिति २०८१।८।१६ गते र अन्तिम पटकको लागि च.नं.८७२, मिति २०८१।९।१४ गतेको पत्रवाट सम्वन्धित निर्माण व्यावसायीलाई निर्माण कार्य सुचारु गर्ने पटक-पटक पत्राचार गरी लिखित एवं मौखिक ताकेता गर्दा समेत उक्त योजना निर्माण नगरेको, प्राविधिक कर्मचारीहरुको टोलीवाट स्थलगत निरीक्षण गर्दा निर्माण व्यवसायीले रु.२,०९,७५६।२५ पैसा (दुई लाख नौ हजार सात सय छपन्न रुपैयाँ पच्चिस पैसा मात्र।-)(VAT समेत) वरावरको वाटो नै अवरोध

हुने गरी माटोको थुप्रो मात्र खसाली छोडेको, निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको/प्रयास गरेको नदेखिएको र निर्माणस्थल छोडी सम्पर्कमा नआएको व्यहोरा खुलाई प्रतिवेदन पेश हुन आएकोले कार्यालयलाई वेवास्ता, आलटाल, झुक्यानमा राखी कानूनको अनदेखा गरी निर्माण कार्य अलपत्र पारेकोले सम्वन्धित निर्माण व्यावसायीलाई राष्ट्रिय दैनिक नेपाल समाचारपत्रमा स्पष्टीकरण पेश गर्ने ७ (सात) दिने सूचाना प्रकाशन गरिएकोमा उक्त सडक खण्डमा स्थानियवाट ह्यूमपाईप राख्ने भनि अवरोध पुर्याएकोले निर्माण कार्यमा ढिलाई भएको र अव २०८२ असोज १० गते भित्र सो निर्माण कार्य सम्पन्न गर्ने प्रतिवद्धता सहितको Work Schedule पेश गरेको विषय वैठक समक्ष जानकारी भयो । उक्त सम्वन्धमा छलफल हुँदा निर्माण व्यावसायीको लापरवाहीले उक्त योजना निर्माण सम्पन्न नगरेकोले निर्माण व्यावसायीवाट प्रतिवद्धता गरे अनुरुपको समयसीमा भित्र योजना निर्माण सम्पन्न गर्ने गरी सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२१ वमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लगाई निर्माण व्यावसायीलाई अन्तिम पटकको लागि सो योजना निर्माण गर्ने अन्तिम पटकको लागि मौका दिने निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

ससकोशी नगरपालिका अन्तर्गतका विभिन्न सडकहरुमा वर्षादवाट खल्डाखुल्डी परी आवागमनमा समस्या भएकोले उक्त सडकहरुको प्राविधिक लागत अनुमान तयार गरी चालु आ.व.२०८२।०८३ मा विपद व्यावस्थापन सम्वन्धी कार्य शिर्षकमा विनियोजित वजेट मध्ये मर्मत सम्भार गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

ससकोशी नगरपालिका क्षेत्र भित्र मनाईने विभिन्न धर्म, संस्कृति संरक्षण तथा सम्वर्द्धन कार्यक्रमसंग सम्वन्धित तिज, जितिया, लाखे लगायतका कार्यक्रमको लागि चालु आ.व. २०८२।०८३ मा धर्म, संस्कृति संरक्षण तथा सम्वर्द्धन कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट प्रत्येक वडाको लागि रु.२००००।– दरले ११ वडाका कार्यक्रमहरु संचालन गर्न रु.२२००००।– सहयोग उपलव्ध गराउने निर्णय गरियो ।साथै लाखेनाचलाई रु.१००००।-समेत नपुग रकम अन्य मिल्दो श्रोतवाट उपलव्ध गराउने निर्णय गरियो ।